

# まんがでわかる ビルクリーニング業の安全衛生

नेपाली संस्करण
ネパール語版

## कमिकको साथ बुझ्नुहोस् भवन सफाई उद्योगको स्वास्थ्य र सुरक्षा बारे।






## व्यावसायिक दुर्घटनाहरूको सङ्ख्या

| | | |
|---|---|---|
| १ | लडेर | १७०५ जना |
| २ | क्र्यास / गिरावटबाट | ६५६ जना |
| ३ | झुक्किएर / जबर्जस्ति गरेर | ३७० जना |
| ४ | च्याप्पिएर / फसेर | २०३ जना |
| ५ | ठोक्किएर | २०० जना |

सन्दर्भ: केन्द्रीय व्यावसायिक दुर्घटना रोकथाम संघ
"व्यावसायिक दुर्घटना विश्लेषण डेटा भवन मर्मत सम्भार व्यवसाय" (अगस्त सन् २०१९)


त्यही त।
त्यहाँ विभिन्न कारणले गर्दा लडेर दुर्घटना भएको केसहरू पाइन्छ।
उदाहरणको लागि दुवै हातमा समान हुँदा खुट्टा डोरीमा अल्झिएर लड्ने ,
सर-सफाई गर्दा भिजेको भुइँमा खुट्टा चिप्लिएर लडेको जस्ता केस पनि छन्।
दैनिक जीवनमा पनि भइरहने कुरा है।
चोटपटक भनेको आफ्नै वरिपरि हुने कुरा हो हैन त।


के गर्दा चाहिं लड्नबाट जोगिन सकिन्छ होला?
आफ्नो वरिपरि व्यवस्थित गरेर, नलड्ने वातावरण बनाउनु महत्त्वपूर्ण छ।
सामान छुट्ट्याउने (Seiri)
व्यवस्थापन (Seiton)
सफाई (Seisou)
सुग्घर (Seiketsu)
↓
४S
सामान छुट्ट्याउने र व्यवस्तित गर्न झर्को लाग्दो छ है...।
हा हा हा
छोटकरीमा भन्नु पर्दा, होसियार भए हुन्छ नि हैन?
हँ ?
आफु मात्र हैन अरु कोहीपनि नलड्ने कार्यस्थल सृजना गर्न एकदम आवश्यक छ!
ह, हस् !


साइटमा सफाई मेसिन वा रसायन पनि प्रयोग हुन्छ, त्यसैले यदि प्रयोग गर्दा लापर्वाही भएमा गम्भीर चोटपटक लाग्न पनि सक्छ।
Remover
清掃中
足元にご注意
Caution wet floor
आफुमात्रै हैन, बिल्डिंग प्रयोगकर्तालाई पनि चोटपटक नलागोस् भनेर सावधानी अपनाउनु पर्छ।
ठूलो चोट लागेर काम गर्न नसक्ने भयो भने परिवारले पनि चिन्ता गर्छ, अनि कमाई नभएकोले आफूलाई पनि गाह्रो हुन्छ।
अँ।
त्यसैले पहिलेदेखि नै ध्यान पुऱ्याउनु महत्वपूर्ण छ।
समयलाई ध्यानमा राखी, काममा प्रयोग गरिने उपकरणहरू निश्चित प्रक्रियाका साथ सही तरिकाले प्रयोग गर्नुपर्छ।
काम गर्दा प्रयोग गर्ने सुरक्षित उपकरण लगाउने नियमको पालना गरौँ।


“क्र्यास / गिरावटबाट” मा कस्तो प्रकारको काम सम्बन्धित दुर्घटनाहरू हुन्छन्?
उदाहरणको लागि, दुवै हातमा फोहोरको झोला बोकेको अवस्थामा, भऱ्याङमा खुट्टा चिप्लिएर लडेको।
सिसाको झ्यालको सफाई गर्दा, स्टेपलेडरमा सन्तुलित हुन नसकेर दुर्घटना भएको पनि छ।
खतरा ...!
カチッ……
त्यसो भए,
ガーッ
おぉっ
वास्तविक साइट,
हेरौं।
1

# केस १


एउटा कार्यालय भवन—
आज नियमित सफाई हो।
पलिशर प्रयोग गरेर, मैनको बोक्रा उप्काउनुस्।
हस्!
आज बेलुका मनपर्ने ब्याण्डको लाईभ छ।
काम छिट्टै सकाइ हालौं!
रिलीज एजेन्ट पनि तयार भयो, अब प्याड सेट गर्छु।
अलि छिटो गर्नुपर्ला!
यसरी ठिक होला।


REMOVER
अब सुरु गर्छु!
रोकियो ...?
सेटिंङ उल्टो भयो कि?
लाइभ शुरु हुन लागिसक्यो...।
झ्याउ लाग्दो छ, खालि हातले नै गरौँ कि क्या हो!
समय छैन।



ठिकै छ।
अलिकति छोएपनि पछि पखाले त गइहाल्छ नि।
ल त, सेटिंग सकियो!
जसरी भएपनि छिटो सकाएर,
लाइभ हेर्न तुरुन्तै जान्छु !
ए ...
अझै भुँई सुकेको छैन...
ला....?


ऐया दुख्यो!
के भयो?
ठुलो आवाज सुनियो त ...
तिमी लडेको ?
ठीक छ...


ऐया..या..या
दिदी...
दुख्यो...।
माफ पाउँ,
भुँई नसुकेकोले गर्दा...
ठिकै त हुनुहुन्छ ?
अँ , धन्यवाद
...भन्या
हातमा पन्जा
लागेको छैन?
खाली हातले रिलीज
एजेन्ट छोएको हो?
हजुर,
हतार गरेकोले...



REMOVER
खाली हातले रिलीज
एजेन्ट छोयोभने,
नराम्रोसँग छालामा
डाबर आउन पनि
सक्छ।
हात रातो हुँदैछ त हैन!
अस्पताल गएको राम्रो!
हैन,
मेरो त काम छ...।
अखिरमा अस्पतलमा गएर
उपचार गरेकोले लाइभ जानै
भ्याएन...
राम्रो भयो
良かったわー
धेरै मज्जा
"हतार हुँदाखेरि नै हो
ध्यान दिनु पर्ने।"
हड्बडायो भने राम्रो
हुँदैन भन्ने थाहा पाएँ।



# केस २


एउटा वाणिज्य सुविधा शौचालय —
ल त, गरौँ।
कुना कुना सम्म पनि राम्ररी सफा गर्छु!
३० मिनेट पछि ...
राम्रो ! भुइँ पुछाई सकियो...अनि ।
... निजी कोठामा शौचालयको वरिपरि गाह्रो रहेछ।
राम्रोसँग गरेन भने फोहोर जम्मा भइहाल्छ।


...ए?
त्यस्तो ठाउँमा पनि, धुलो जम्मा भएको छ।
पुछ्नु पर्ला।
त्यो
वास्तवमा, त्यसकै लागि चाहिने "त्यो" प्रयोग गर्नुपर्छ तर ...
लिएर आउनै झन्झट...
ह्या... ! शौचालय सिटमाथि नै चढेर सफा गर्छु !


हस्ते... !
भयो !
सफा भयो होला त !
हैन, अझै फोहोर छ जस्तो लाग्छ...।
अब अलिकति मात्र...।
ओह !? यो खतरनाक छ!


ऐया..या..या !!
...ऐया दुख्यो ...खत्तमै भो नि।
तर...त्यहाँपनि फोहोर छ...।
यसरी नै सफा गर्छु...।


ऐया..या..या...!!
अरे !? किन मान्छे आयो...।
清掃中
足元にご注意！
ए......
"सफाई हुँदैछ" को साइनबोर्ड राख्न बिर्सेछु !
जे भएपनि उहाँलाई मदत गर्नु पर्छ।
ठिकै हुनुहुन्छ नि ?
ऐया !!!!!

ए , के भयो !?
पहिलो कुरा शौचालयको सिटमाथि चढेर काम गर्न मनाही छ।
नियम राम्रोसँग पालना गर्नुहोस्
अनि "सफाई हुँदैछ" को साइनबोर्ड, सधै काम सुरुगर्नु भन्दा अगाडी राख्नुहोस्।
あ、清掃中だ
清掃中
足元にご注意！
त्यसो गऱ्यो भने प्रयोगकर्ता पनि सतर्क भएर हिड्नेछन् ।
こちらこそすいません
हैन ठीक छ।
यस पटक त केही भएन, तर यदि घाइते भइहालेको भए कस्तो गार्हो हुन्थ्यो, हैन?
"नियम राख्नुको कुनै न कुनै कारण हुन्छ ।"
त्यसपछाडी, उनी झर्को नमनिकन नियम पालना गर्न थालिन्

# केस ३


आज सँगै राम्ररी काम गरौँ!
एउटा होटेलको– एक कोठा—
तपाईँलाई भेटेर खुशी लाग्यो !
म अनुभबी छु त्यसैले, जे पनि सोधे हुन्छ।
पहिले, फोहोर उठाउनबाट है !
हिजोको फुटबल हेर्‍यो? राम्रो थियो है ।
मज्जाको म्याच थियो है! विश्व कप त झनै मज्जाको हुन्छ होला!
४ बर्षमा एकपटक हुनेभएकोले कहिले आउँछ भनेर उत्सुक हुन्छौँ।
ऐया !!!!!


कसैले सियो फाल्यो कि के हो?
ठिक हुनुहुन्छ?
अँ— ठिकै छु।
ल त, म चाहिँ नुहाउने कोठाको सफाई गर्छु।
छानोमा भएको शीत पुछेन भने त, ढुसी पर्छ।
ला ! छत सफा गर्ने मोप नै बिर्सें !
केहि छैन। नुहाउने ठाउँको छेउमा उभिएर पुछ्छु।
यति त ठिकै छ होला।


ल त,
सफासँग पुछें...
ऐया...
झन्डैले लडेको...।
थाहा पायो भने गाली खाइन्छ...
नुहाउने ठाउँको सफाई सकियो।
काम गरेर थाक्नुभयो होला...
!?


ठिक हुनुहुन्छ ?
ए !
कपडामा रगत लागेछ।
ए, के हो यो?
हतार हतार ओछ्यान मिलाउने काम सकाउँछु।
अस्पताल गई हालौं!
आघि, फोहोर उठाउँदा केहिले घोचेको जस्तो छ।
सोच्दै गर्दा , झनझन दुखेर आयो...।


आ..... !!!
ठीकै हुनुहुन्छ?
खुट्टाको कान्छी औंला नराम्रोसँग ठोक्कियो।
के भयो?
उहाँ घाइते हुनुभयो।
उहाँ घाइते हुनुभयो।
ठिक हुनुहुन्छ !?
खुट्टाको कान्छी औंला त ठीक छ तर...



हातको औंलामाचाहिं सुईले घोचेको जस्तै डाम छ त्यसैले,
अहिलेको लागि, रगतको जांचगरि हेरौं है।
画鋲
थम्बपिन
インスリン注射器
इन्सुलिनमा प्रयोग गर्ने सुई
ガラスの破片
सिसाको टुक्रा
पहिलो कुरा, फोहोर सफा गर्दा कहिले पनि नाङ्गो हातले नगर्नुस्। के फ्याँकेको हुन्छ थाहा नै हुँदैन ।
त्यो बाहेकको इन्जेक्सनको पनि सम्भावना हुन्छ...!
त्यसमाथि धेरै कुरा गर्दा त,
ध्यान पनि भङ्ग हुन्छ।
अनि, अग्लो ठाउँमा सधैँ नियम पालान गर्दै मोप प्रयोग गरौँ।
हस्...
"बानी बस्दै जाँदा झन् खतरनाक हुन सक्छ"
यो घटनाले उनको जीवनमा नामेट छाप पार्‌यो।







## भवन सफाई उद्योगमा होसियार हुनुपर्ने कुराहरू

### १ अग्लो ठाउँहरूमा गरिने काम



अग्लो ठाउँहरूमा सरसफाई गर्दा निर्धारित नियमअनुसर गर्नुपर्छ।
जुनसुकै कुरा माथि जताभावी चढेर गर्ने गर्नु हुँदैन।

### २ "सफाईको काम हुँदैछ" साइनबोर्ड राख्ने





काम भइरहेको बेला मनिसहरू यतउत हिँडडुल नगरुँ भनेर "सफाईको काम हुँदैछ" भनेर लेखिएको साइनबोर्ड राख्नुपर्छ।

### ३ साँघुरो ठाउँहरूमा गरिने काम



कमटको कुना जस्ता साँघुरो ठाउँमा टाउको ठोकिने सम्भावना हुने भएकोले साबधानी अपनाई काम गर्नुपर्छ।

### ४ पन्जाको प्रयोग



रिलीज एजेन्ट हातमा लाग्यो भने चिडचिड अथवा जलन हुन सक्छ,
त्यसैले प्रयोग गर्दा पन्जा लगाउनुपर्छ।





**चित्रहरू र फोटोहरूबाट सिकौँ**


कार्यस्थलमा लुकिरहेको खतराहरूबारे !

# पछि हुनसक्ने खतरनाक अवस्थाबारे पहिले नै परिचित गराउने तालिम (KYT)


## Q कहाँ खतरा छ सोचेर हेरौं !





## A यहाँ खतराको चिन्ह छ!





१ मुख धुने ठाउँमा नचढ्नुहोस्



२ सफाई उपकरणहरू त्यतिकै नछोड्नुहोस्।



३ “सफाई हुँदैछ” को साइनबोर्ड प्रवेशद्वारमा राख्नुहोस्




**अन्य पनि खतराका संकेतहरु छन् कि छैनन् भन्ने बारेमा विचार गरौं।**

厚生労働省
Ministry of Health, Labour and Welfare

कमिकको साथ बुझ्नुहोस्
**भवन सफाई उद्योगको स्वास्थ्य र सुरक्षा बारे।**

सन् २०२० मार्चमा प्रकाशित

प्रकाशित: स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालय

इन्तजाम: Mizuho Information & Research Institute, Inc.
पर्यवेक्षण: व्यावसायिक सुरक्षा र स्वास्थ्य शिक्षण सामग्री तयारी पदोन्नति समिति,
भवन सफाई उद्योगको लागि सुरक्षा शिक्षण सामग्री बनाउने कार्य
उत्पादन: Sideranch Inc.

यस कागजातको बारेमा सोधपुछ गर्नुपरेमा
स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालय श्रम मानदण्ड ब्युरो
सुरक्षा र स्वास्थ्य विभाग सुरक्षा विभाग